# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ भाद्र १

### सडक दुर्घटनातर्फ सचेत भई जीवनको अधिकार सुनिश्चित गर ।

गत श्रावण महिनामा मात्रै धनकुटा, काभ्रे, सुर्खेत, मकवानपुर, बैतडी लगायतका जिल्लाहरुमा भएका सडक दुर्घटनाहरुबाट १०० भन्दा बढीको मृत्यु तथा २०५ भन्दा बढी मानिस घाइते भएको घटनाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । देशमा पछिल्लो समयमा बढ्दै गएको सडक दुर्घटनाको कारणबाट व्यक्तिको जीवनको अधिकार गुम्न गएका घटनाहरुको सम्बन्धमा आयोगले अनुगमन गरिरहेको छ ।

काभ्रेको विर्तादेउरालीमा गत श्रावण ३१ गते भएको घटनाको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्न आयोगले अनुगमन टोली त्यसतर्फ खटाएको छ ।

मानव अधिकारमूखी विकास पद्धति र प्रशासनको अन्तर्सम्बन्ध हुन नसक्दा व्यक्तिको जीवनको अधिकार गुम्न जाने, शारीरिक अपाङ्गता बृद्धि हुने जस्ता तथ्यहरु सार्वजनिक हुँदै आएका छन् । शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा पहुँच जस्ता मानव अधिकारका आधारभूत विषयहरुसँग सार्वजनिक यातायात सेवा भरपर्दो, व्यवस्थित, प्रभावकारी एवं सुरक्षित हुनु अपरिहार्य हुन् तर दिन प्रतिदिन जीर्ण सडक, पुराना गाडीहरुका कारण अनपेक्षित रुपमा दिनहूँ व्यक्तिको जीवनको अधिकार गुम्दै जाने परिस्थिति विद्यमान रहनु अत्यन्त दु:खद् हो ।

यस किसिमका घटनाहरु भविष्यमा न्यूनीकरण र नियन्त्रण गर्नेतर्फ तत्काल आवश्यक सम्पूर्ण उपायहरु अवलम्बन गर्न तथा घाइतेहरुको नि:शुल्क र प्रभावकारी उपचार व्यवस्था मिलाउन आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ । साथै, मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा सम्बद्ध सबैपक्षको जिम्मेवारीपूर्ण भूमिकाको पनि आयोग अपेक्षा गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org